स्थानीय सरकार
# कैलाश गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या :-२०८३/०८४
चलानी नं. :-

**कैलाश जिपलाईन सञ्चालनसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/११**

कैलाश गाउँपालिकाको जिपलाईन सञ्चालन सम्बन्धी कार्यविधि, २०८२, आर्थिक ऐन, २०८३ मा भएको व्यवस्था र कैलाश गाउँ कार्यपालिकाको मिति २०८३/०५/०४ गतेको निर्णयानुसार कैलाश गाउँपालिका, वडा नं २ बैकुण्ठमा निर्माण सम्पन्न भएको कैलाश जिपलाईनको संचालन तथा व्यवस्थापन गरी आ.व. ०८३/०८४ मा आय संकलनका लागि ठेक्काद्वारा गराउन यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म/कम्पनी/संस्थाहरुले शिलबन्दी दरभाउपत्र/बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन अनुरोध छ। यस सम्बन्धी थप बुझ्नु परेमा कैलाश गाउँपालिका खरिद इकाई शाखामा सम्पर्क राख्न सकिनेछ।

तपसिल

| आय ठेक्का नं | आयको विवरण | आ.व. २०८३/०८४का लागि कायम न्यूनतम अंक (कर र मु.अ.कर बाहेक) | दरभाउपत्र फारम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|
| Zip/Rajaswa/03-2083/84 | कैलाश बैकुण्ठ जिपलाईन सञ्चालन | रु ६,००,०००/- | नलाग्ने | कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुने रकम |

- *शिलबन्दी दरभाउपत्रपाउने स्थान कैलाश गाउँपालिकाको कर्यालय कालिकाटार, मकवानपुर*
- *शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मितिः- २०८३/०५/१८ गते दिनको १२ बजे भित्र*
- *शिलबन्दी दरभाउपत्र खुल्ने मितिः- २०८३/०५/१८ गते दिनको २ बजे*
- *शिलबन्दी दरभाउपत्र बुझाउने स्थानः- कैलाश गाउँपालिकाको कार्यालय, कालिकाटार, मकवानपुर*

*शर्त तथा विस्तृत विवरणको लागि कैलाश गाउँपालिकाको वेव साइट https://kailashmun.gov.np/ मा हेर्न सकिनेछ।*

स्थानीय सरकार

# कैलाश गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या :-२०८३/०८४
चलानी नं. :-

शर्तहरु:

१. दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यवसाय, फर्म वा कम्पनी वा संस्थाको दर्ता, नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

२. दरभाउ ठेक्काको मान्य अवधि सम्झौता भएको दिन देखि २०८४/०२/३० गते सम्म कायम हुनेछ ।

३. धरौटी वापतको रकम यस कार्यालयको सानिमा बैंक कैलाश खातामा रहेको धरौटी खाता (खाता नं 065010020000007) मा दाखिला गरेको सक्कल बैक भौचर दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्नेछ।

४. सिलबन्दि दरभाउपत्रसाथ आफुले कबोल गरेको मु.अ.कर समेतको अंकको ५% ले हुन आउने रकम कैलाश गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको नाममा रहेको सानिमा बैक लि. कैलाश गाउँपालिकाको धरौटि खातामा जम्मा गरेको सक्कले बैंक भौचर वा मान्यता पास वाणिज्य बैंकले यस गाउँपालिकाको कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन म्याद भएको विड बण्ड संलग्न गर्नु पर्नेछ। म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कार्वाही हुनेछैन ।

५. दरभाउ पत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक व्यक्तीको हस्ताक्षर भएको हुन पनेछ ।

६. उपर्युक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी ७ औ दिनको १२ बजेभित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र बुझाउनुपर्नेछ। प्राप्त दरभाउपत्रहरु सोही दिनको २ बजे गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ।

७. जमानत वापत दरभाउपत्र आफुले भरेको अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

८. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाह सम्बन्धी माग कार्यालयले स्वीकार्ने छैन।

९. प्रचलित ऐन, नियम र कानून, कार्यविधि बमोजिम र सूचनाको शर्त विपरीत काम गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई कुनै हानी-नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१०. यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएमा कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

११. दरभाउ पत्र दाताले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्ने छ।

१२. कैलाश गाउँपालिकाको जिपलाइन संचालन सम्बन्धी कार्यविधि २०८३, तथा आर्थिक ऐन, २०८३ को अनुसुचि-०८ बमोजिम जिपलाइन संचालनको टिकट दररेट तपसिल बमोजिम हुनेछ।

| सि.नं. | यात्रुको विवरण | दररेट (कर सहित) | कैफियत |
|---|---|---|---|
| १ | कैलाश गाउँपालिका भित्रका नागरिक | १५०० | परिचयपत्रको आधारमा |
| २ | विद्यार्थी | १००० | |
| ३ | गाउँपालिका बाहिरका नेपाली नागरिक | २५०० | |
| ४ | विदेशी नागरिक | ३५०० | |

१३. दरभाउपत्र फाराम निःशूल्क रुपमा कैलाश गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटारबाट खरिद गरी पेश गर्न सकिनेछ।

१४. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र ठेक्का सम्झौता पूर्व प्रथम किस्ता वापत कबोल अंकको ५० प्रतिशत रकम नगद दाखिला गरी बाँकी रकममा १० प्रतिशत थप गरी हुने रकम बराबरको बैक जमानत पत्र सम्झौता अनुसार सम्झौताको अन्तिम मितिबाट १२० दिन सम्म म्याद

भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकहरुबाट जारी भएको जमानत/ विड वण्डको सक्कल प्रति पेश गर्नुपर्नेछ। बाँकी रकम जेष्ठ मसान्त भित्र भुक्तानी गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ र उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ। ठेक्कामा कुनै विवाद भएमा कैलाश गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५५०८८२६६/९८४८७८४६४३ तथा ईमेल- info@kailashmun.gov.np मा सम्पर्क गर्न सक्नुहुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

सिता कुमारी खत्री
प्रमुख प्रशासकीय अधिकृत